# आर्थिक वृद्धि १ दशमलव ५ प्रतिशतमा खुम्चिने

**नेपाल समाचारपत्र, काठमाडौं**

एसियाली विकास बैंक (एडीबी) ले नेपालको आर्थिक वृद्धि १ दशमलव ५ प्रतिशतमा खुम्चिने प्रक्षेपण गरेको छ। एडीबीले मंगलबार प्रकाशित गरेको एसियन डेभलपमेन्ट आउटलुक २०२० अपडेटमा सो उल्लेख छ।

निर्यात, रेमिट्यान्स र पर्यटकको आगमनमा भएको गिरावट र कोरोनाभाइरसको प्रभावका कारण नेपालको अर्थतन्त्रमा थप गिरावट हुनसक्ने एडीबीको भनाइ छ। नेपालको प्रमुख व्यापार साझेदार छिमेकी मुलुक भारतमा अपेक्षित तीव्र आर्थिक मन्दीले पनि नेपालको वृद्धिलाई रोक्ने नेपालका लागि एडीबीका कन्ट्री निर्देशक मुख्तोर खामुदखानोभले बताएका छन्। नेपालको कृषि उत्पादनमा धानको उत्पादन मनसुनका कारण बढ्ने अपेक्षा गरिएको छ। तर, मल खरिदमा भएको ढिलाइले कृषि उत्पादनको वृद्धिलाई नराम्रो असर पार्न सक्छ। औद्योगिक उत्पादनमा संकुचन र निर्माण क्षेत्रमा ढिलाइ, सुस्त व्यापार र अन्तर्राष्ट्रिय पर्यटन धेरै समय बन्द रहँदा त्यसको असर अर्थतन्त्रमा पर्नेछ।

मुद्रास्फीति सन् २०२० मा औसत ५ दशमलव ५ प्रतिशतको हाराहारीमा रहने अनुमान छ। चालू खाता घाटा कुल गार्हस्थ्य उत्पादनको शून्य दशमलव ९ प्रतिशतबाट बढेर १ दशमलव ९ प्रतिशत हुने अपेक्षा गरिएको छ। आयात वृद्धि र रेमिट्यान्सको प्रवाहमा आएको गिरावटले यस संकटबाट विश्वव्यापी समस्या रहेको छ।

सार्क मुलुकहरूमध्ये नेपाल सन् २०२० मा तेस्रो स्थानमा रहेर आर्थिक वृद्धिदर गर्ने प्रक्षेपण एसियाली विकास बैंकले गरेको छ। कारोनाबाट सबैभन्दा कम प्रभावित हुने सार्क मुलुकमा बंगलादेश र भुटानपछि नेपाल रहने प्रक्षेपण छ। बंगलादेशको आर्थिक वृद्धिदर यो वर्ष पनि ५ दशमलवव २ प्रतिशत, भुटानको २ दशमलव ४ प्रतिशत। नेपालको २ दशमलव ३ प्रतिशतको आर्थिक वृद्धि रहने अनुमान छ। सार्क मुलुकमध्ये सर्वाधिक ठूलो भारतले ऋणात्मक ९ प्रतिशतको आर्थिक वृद्धिदर सामान गर्दै छ भने अर्को वर्ष उसले ८ प्रतिशतको उपलब्धि हासिल गर्ने अनुमान छ।

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
CIVIL BANK

Head Office, Civil Trade Centre
Sundhara, Kathmandu
G.P.O. Box: 9799
Tel No: 4251015, 4251087
Fax No: 4251036, SWIFT Code-CIVLNPKA
E-mail: info@civilbank.com.np, www.civilbank.com.np

## SCHEDULE OF INTEREST RATE

Effective Date: For the month of Ashwin 2077

### A. INTEREST RATES ON DEPOSITS

| | Schemes | Interest Rate (% per annum) | |
|---|---|---|---|
| SAVINGS | Mero Bachat Khata | 4.00% | |
| | Premium Saving Account | 6.00% | |
| | Silver Savings | 4.00% | |
| | Gold Savings | 4.00% | |
| | Kishor Bachat Khata | 4.00% | |
| | Naya Bachat Khata | 4.00% | |
| | Nari Bachat Khata | 4.00% | |
| | Salary Plus Deposit | 4.00% | |
| | Ama Buwa Bachat Khata | 4.00% | |
| | Civil Bank Remit Saving AC | 4.00% | |
| | Civil Laganikartako Khata | 4.00% | |
| | Sansthapak Bachat Khata | 4.00% | |
| | Sagarmatha Bachat Khata | 4.00% | |
| | Chandra Surya Bachat Khata | 4.00% | |
| | Platinum Savings A/c | 4.00% | |
| | Civil Nepali Bachat Khata | 4.00% | |
| | Samman Bachat Khata | 4.00% | |
| | Online Savings Account | 4.00% | |
| | Samriddhi Bachat Khata | 4.00% | |
| | Hamro Bachat Khata | 4.00% | |
| FIXED | **Non-Institutional** | | |
| | 3 months to 6 months | 7.75% | |
| | Above 6 months to below 1 year | 8.00% | |
| | 1 year to 2 years | 8.50% | |
| | Above 2 years | 8.75% | |
| | Non-Institutional Annuity Deposit | 8.25% | |
| | **Institutional Deposit:** | | |
| | 6 months | 5.10% | |
| | Above 6 months to 12 months | 6.10% | |
| | Above 12 months to 18 months | 6.25% | |
| | Above 18 months | 6.60% | |
| | **Institutional FD (Bidding)** | **New** | **Renewal** |
| | Upto 2 years | 7.00% | 7.10% |
| | Above 2 years to below 3 years | 7.25% | 7.35% |
| | 3 years and above | 7.80% | 7.80% |
| FOREIGN CURRENCY DEPOSITS (FCY) | USD Savings Account | 2.50% | |
| | Structured USD Savings Account | 2.50% | |
| | EUR Savings Account | 2.00% | |
| | GBP Savings Account | 2.00% | |

Note: Interest Rates on FCY Fixed Deposit and FCY Call Deposits are negotiable

### B. INTEREST RATES ON LOANS AND ADVANCES*

| Type of Loan | Risk Premium |
|---|---|
| **Corporate Loan** | |
| Demand Loan | Upto 3% |
| Export Finance | Upto 2% |
| Overdraft | Upto 4% |
| Term Loan | Upto 4% |
| Short Term Pledge Loan | Upto 3% |
| Short Term Working Capital Loan | Upto 2% |
| Importer's Loan | Upto 3% |
| Hire Purchase Loan(Commercial Vehicle/Heavy Equipment) | Upto 5% |
| Real Estate Loan - Land Development | Upto 5% |
| Real Estate Loan - Housing/Commercial Complex Development | Upto 5% |
| **Civil Bank SME Loan** | Upto 5.00% |
| **Civil Bank Home Loan (HL)** | Upto 5% |
| **Civil Bank Hire Purchase Loan** | |
| i. Auto Loan - Private | Upto 5% |
| ii. Auto Loan - Commercial | Upto 5% |
| iii. Other Equipment | Upto 5% |
| **Civil Bank Personal Mortgage Loan** (Revolving and Non Revolving) | |
| i. Up to NPR 5 million | Upto 4% |
| ii. Above NPR 5 million | Upto 5% |
| **Margin Lending** (against ordinary Shares of acceptable companies) | Upto 5% |
| Saurya Shakti Karja | Upto 2.50% |
| Civil Bank Gold/Silver Loan | Upto 5% |
| Civil Bank Education Loan | Upto 5% |
| Civil Bank Personal Loan | Upto 5% |
| Loan against Bonds | Upto 1% |
| Loan against Civil Bank FD** | Plus 2%** |
| Loan against convertible FCY Deposits | Upto 3% |
| Overdraft Card | Base Rate + 5.16% |
| Hastakala Karja | Base Rate + 4% |

| Micro Credit | Risk Premium |
|---|---|
| Micro Group Guarantee Based loans | Upto 5.16% |
| Security Based Micro Enterprise loans | Upto 5% |
| Micro Rural Housing loans | Upto 5% |
| Micro HP (Deprived Sector loan) | Upto 5% |
| Deprived Sector (Institutional Loans/MFIs) | Upto 3% |
| Deprived Sector Loans (Cooperatives/NGOs) | Upto 3% |
| Base Rate (Shrawan 2077) | 9.51% |

Note: Interest Rate on Consortium Loans will be as per Consortium Decision
*Condition Apply ** Coupon Rate plus 2% or Base Rate plus 2%, whichever is higher.

# घिसिङले देखेका चुनौती र अधुरा काम यस्ता छन्

**नेपाल समाचारपत्र, काठमाडौं**

नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकका रूपमा आफ्नो चार वर्षे कार्यकाल पूरा गरी कुलमान घिसिङ बिदा भएका छन्। कार्यकाल सकिएको दुई दिनपछि प्राधिकरणले मंगलबार घिसिङको औपचारिक बिदाई गरेको छ। घिसिङको पुनः नियुक्ति हुन सक्ने आशामा दुई दिनसम्म कुरेको प्राधिकरणले सोमबारको मन्त्रिपरिषद्को बैठकमा सो विषय एजेन्डामा नै नपरेपछि अर्को दिन बिदाई गरेको हो।

आफ्नो बिदाई कार्यक्रममा मन्तव्य दिँदै घिसिङले प्राधिकरणका लागि आगामी दिन थप चुनौतीपूर्ण रहने बताउनु भएकोछ। प्राप्त उपलब्धिलाई संस्थागत गर्नु पहिलो चुनौती हो भने उत्पादित विद्युत्को बजार व्यवस्थापन दोस्रो चुनौतीको रूपमा रहेको छ। विद्युत् आपूर्तिको नियमितता र गुणस्तर वृद्धि गर्नु तेस्रो चुनौती रहेको छ। संघीय संरचना र नयाँ विद्युत् ऐनअनुसार संस्थागत पुनर्संरचना गरी प्रभावकारी सञ्चालनमा ल्याउनुजस्ता चार मुख्य चुनौतीबाहेक अन्य व्यवस्थापकीय चुनौती थपिँदै जाने उल्लेख गर्नुभएको छ।

जाँदाजाँदै आफूलाई विश्वास गरी कार्यकारी निर्देशकमा नियुक्त गर्ने तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड), ऊर्जामन्त्री जनार्दन शर्मा, त्यसपछिका तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा तथा ऊर्जा मन्त्रीहरु कमल थापा र महेन्द्र शाही तथा वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली र ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनलगायतको राजनीतिक नेतृत्वले आफ्नो कार्य सम्पादन गर्न सहयोग पुऱ्याएको घिसिङले आभार प्रकट गर्नुभएको छ। उहाँले ऊर्जा मन्त्रालयका सचिवहरू, प्राधिकरणलाई सामूहिक नेतृत्व दिन खट्ने सहकर्मी, कठिन परिस्थितिमा पनि उच्च मनोबलका साथ जिम्मेवारीपूर्वक कार्यसम्पादन गरी व्यस्थापनको हरेक क्रियाकलापमा सहयोग गर्नुहुने सबै कर्मचारीलगायत ट्रेड युनियन संगठनलगायतप्रति समेत आभार प्रकट गर्नुभएको छ।

मन्तव्यका क्रममा ऊर्जा मन्त्रालयले गरेको कार्यसम्पादन सम्झौताको मूल्याङ्कनमा आर्थिक वर्ष २०७३/७४ मा ८८ दशमलव १९, आव २०७४/७५ मा ८७ दशमलव ९८, आव २०७५/७६ मा ८६ दशमलव ८२ र आव २०७६/७७ मा ८७ दशमलव ५५ प्रतिशत प्राप्त भएको घिसिङले जानकारी दिनुभएको छ।

विद्युत् माग र आपूर्तिबीचको सन्तुलित, वैज्ञानिक व्यवस्थापन र इमान्दार प्रयासबाट मुलुकलाई लोडसेडिङमुक्त बनाउन सफल भएको उल्लेख गर्दै लोडसेडिङ अन्त्य गर्नु मात्रै आफूहरू अन्तिम अभिष्ट नभएकाले प्राधिकरणको चौतर्फी सुधार र विभिन्न कारणले जीर्ण बनेका तथा अलपत्र अवस्थामा रहेका उत्पादन, प्रसारण तथा वितरण आयोजनाहरूलाई सम्पन्न गर्नु तथा नयाँ शुरु गर्नु पनि रहेको बताउनुभयो।

...कर्मचारीको तलब खुवाउन समेत सरकारको मुख ताक्नुपर्ने अवस्थाबाट गुज्रिरहेको प्राधिकरणले पूर्वाधार विकासका योजना बनाउँदा खुट्टा कमाउनुपर्ने अवस्था थियो। तर, अबका दिनमा उत्पादन, प्रसारण र वितरणको लागि आवश्यक बजेट प्राधिकरण आफैंले पनि व्यवस्था गर्न सक्ने अवस्थामा पुग्ने छ। प्राधिकरणको संस्थागत जमानीमा बहुपक्षीय वित्तीय संस्थाबाट ऋण लिन सकिने अवस्था सिर्जना हुन थालेको छ। आमनागरिकको प्राधिकरणप्रतिको दृष्टिकोणमा परिवर्तन भएको छ। प्राधिकरणका कर्मचारीले गर्व अनुभव गर्ने दिन आएको छ।' घिसिङले भन्नुभयो-...विद्युत्को खपत वृद्धि भएको, चुहावट घटेको र विद्युत्को पहुँच वृद्धि भएको छ। चार वर्ष अगाडि १४ घन्टासम्मको लोडसेडिङ हुँदा मुलुकभित्रको कुल विद्युत् खपतको करिब ३५ प्रतिशत विद्युत् भारतबाट आयात भइरहेको थियो। तर, विद्युत् खपत करिब ७५ प्रतिशतले बढेको अवस्थामा समेत आव २०७६/७७ मा कुल उपलब्ध विद्युत्को २२ प्रतिशतमात्रै आयात भएको छ भने आयातको ६ प्रतिशत विद्युत् निर्यात गरिएको छ। अर्को आवबाट हामी विद्युत्मा आत्मनिर्भर हुनेछौं।'

प्राधिकरणले इतिहासमा पहिलोपटक उपभोक्ताको महशुल घटाएको उल्लेख गर्दै आगामी दिनमा अमेरिकी डलरमा विद्युत् खरिद सम्झौता गरिएको खिम्ती-१ र स्वदेशी लगानीको माथिल्लो तामाकोशीको विद्युत् सस्तोमा आउने हुँदा ग्राहकको विद्युत् महशुल अझ सस्तो गर्न सकिने अवस्था रहेको बताउनुभयो। भूमिगत तार बिच्छ्याई काठमाडौं उपत्यकालाई तार र पोलरहित बनाउन, स्मार्ट मिटर जडान गर्ने, ग्रीडलाई स्वचालित गर्ने आदि कार्यको थालनी भएको भन्दै डिजिटल एनईए बनाउने कार्यको लागि आवश्यक प्रक्रिया शुरु भइसकेको जानकारी दिनुभयो।

...नेपालको ऊर्जा क्षेत्रमा महत्वपूर्ण परिवर्तन ल्याउन सक्ने दूधकोशी (६३५ मेगावाट), माथिल्लो अरुण (१०६० मेगावाट) र तामाकोशी-५ (९९ मेगावाट) जस्ता जलविद्युत् आयोजना निर्माणका लागि वित्तीय स्रोत जुटाउने चरणमा छन्। यी आयोजनाको लगानी जुटाएर निर्माण शुरु गर्ने चरणमा पुग्नेछन्। अन्तर्देशीय प्रसारणलाइनको क्षमता वृद्धि भई करिब १५ सय मेगावाट पुगेको छ। नेपाल-भारत दोस्रो अन्तर्देशीय प्रसारण लाइन न्यू बुटवल-गोरखपुरको लागि लगानी ढाँचा तयार भएको छ। साथै नेपाल-चीनबीचको रातोमाटे रसुवागढी केरुङ ४ सय केभी प्रसारण लाइन निर्माणको लागि समझदरीपत्रमा हस्ताक्षर भई कार्य अगाडि बढेको छ। नेपालले भारत तथा बंगलादेशको विद्युत् बजारमा पहुँच पाउने गरी कार्य अन्तिम चरणमा पुगेको छ।' घिसिङले आफ्नो बिदाई मन्त्व्यका क्रममा भन्नुभयो।

उहाँले आफ्नो चार वर्षे कार्यकालमा केही महत्वपूर्ण योजना निरन्तरको प्रयासबाट पनि पूरा हुन नसकेको स्वीकार गर्नुभयो। उहाँका अनुसार माथिल्लो तामाकोशीसहित चिलिमे जलविद्युत् कम्पनीअन्तर्गतका आयोजनाहरु सम्पन्न गर्ने, ढल्केबरमा ४सय केभी सबस्टेसन चार्ज गर्ने, देशलाई विद्युत्मा आत्मनिर्भर बनाउँदै निर्यात गर्ने, काठमाडौं उपत्यकालाई तार र पोलरहित बनाउने, स्मार्ट मिटर र ग्रीड स्वचालित प्रणाली देशभरी लागू गर्ने, देशभरका शतप्रतिशत जनतालाई विद्युत्मा पहुँच पुऱ्याउने, डिजिटल एनईए बनाउने जस्ता काम अधुरो रहेका छन्।

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

अतिराम गुरुङ्को नाति/नातिनी, चन्द्र बहादुरको छोरा/छोरी ५ प्रदेश अर्घाखाँची जिल्ला सितापुर नगर/गाऊँ पञ्चायत वडा नं. ९ (हाल सितगंगा न.पा. २ अर्घाखाँची) बस्ने **महेश्वर गुरुङ्ले** यस शाखामा खाता नं.२२८१५२४०३००५६१ संचालन गर्दै आउनु भएकोमा मिति २०७६/०७/२२ मा निज खातावाल **महेश्वर गुरुङ्को** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतककी/मृतकको श्रीमती नाता पर्ने **रुकमाया देवी गुरुङ्ले** मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक **महेश्वर गुरुङ्को** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको सन्धिखर्क शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
सन्धिखर्क शाखा, फोन :०७७-४२०८३५, फ्याक्स: ०७७-४२०८३६

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७७ भदौ ३१, सेप्टेम्बर १६, २०२०

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | ११७।५४ | ११८।१४ |
| युरो १ को रू. | १३९।६६ | १४०।३७ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १५१।४९ | १५२।२६ |
| स्विस फ्रन्क १ को रू. | १२९।६१ | १३०।२७ |
| अस्ट्रेलियन डलर १ को रू. | ८६।०९ | ८६।५३ |
| क्यानाडियन डलर १ को रू. | ८९।३५ | ८९।८१ |
| सिङ्गापुर डलर १ को रू. | ८६।३९ | ८६।८३ |
| जापानी यन १० को रू. | ११।१२ | ११।१८ |
| चिनियाँ युआन १ को रू. | १७।३४ | १७।४३ |
| साउदी अरब रियाल १ को रू. | ३१।३४ | ३१।५० |
| कतारी रियाल १ को रू. | ३२।२८ | ३२।४४ |
| थाई भाट १ को रू. | ३।७७ | ३।७९ |
| सं. अरब इमिरट दिराम १ को रू. | ३२।०० | ३२।१६ |
| मलसियन रिङ्गिट १ को रू. | २८।४५ | २८।५९ |
| दक्षिण कारियन वन १०० को रू. | ९।९७ | १०।०२ |

### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १३।४२ |
| डेनिस क्रानर १ का रू. | १८।७७ |
| हङकङ डलर १ का रू. | १५।१७ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## ओरोलो लाग्यो नेप्से

**काठमाडौं, (नेस)**

नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार ओरालो लागेको छ। नेप्से परिसूचक ४ दशमलव ४७ अंकले घटेर १५३६ दशमलव शून्य ३ बिन्दुमा झरेको छ। कुल १९३ कम्पनीको ६६ लाख ९७ हजार कित्ता शेयर २ अर्ब ११ करोड ९९ लाख रुपियाँमा कारोबार भएको छ।

यस कारोबार भएका १२ समूहमध्ये तीन समूह होटल, जीवन बीमा र सामूहिक लगानी कोषको सूचक बढेको छ भने बैंकिङ, व्यापार, विकास बैंक, जलविद्युत्, वित्त, निर्जीवन बीमा, उत्पादन, अन्य र लघुवित्त समूहको सूचक घटेको छ। कारोबार रकमका आधारमा फेरि पुनर्बीमा कम्पनी नै अगाडि रहेको छ। सो कम्पनीको मात्रै १३ करोड १३ लाख रुपियाँभन्दा बढीको कारोबार गरेको छ। यस दिन दिव्यश्वरी हाइड्रोपावर १०, एनआरएन लघुवित्त वित्तीय संस्था ९ दशमलव ९२, रिलायन्स लाइफ इन्स्योरेन्स ९ दशमलव ८६, खानीखोला हाइड्रोपावर कम्पनी ९ दशमलव ८४, घलेम्दी हाइड्रो ९ दशमलव ५९ र युनियन हाइड्रो पावरका लगानीकर्ताले ८ दशमलव ९७ प्रतिशतले कमाएका छन्। तर, माउन्टेन हाइड्रो, राधी विद्युत् कम्पनी लगायतका कम्पनीका लगानीकर्ताले भने गुमाएका छन्।

## SHARE MARKET

**15 SEPTEMBER TUESDAY, 2020**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | 10.25% NIC Asia Debenture 2083/84 | 105.00 | 1030.00 | 1010.00 | 1010.00 | -40.00 |
| 2 | 10.25% Sunrise Bank Debenture 2083 | 10.00 | 1040.00 | 1040.00 | 1040.00 | -10.00 |
| 3 | 10.50% SBL Debenture 2082 | 100.00 | 1023.00 | 1023.00 | 1023.00 | 0.00 |
| 4 | 11% NIC Asia Debenture 082/83 | 100.00 | 1071.00 | 1071.00 | 1071.00 | 15.00 |
| 5 | Aarambha Chautari Lag. Bit. Sanstha Ltd | 5209.00 | 765.00 | 735.00 | 748.00 | -12.00 |
| 6 | Agriculture Development Bank Limited | 36125.00 | 440.00 | 429.00 | 433.00 | -2.00 |
| 7 | Ajod Insurance Limited | 16206.00 | 528.00 | 520.00 | 523.00 | -5.00 |
| 8 | Ankhu Khola Jalvidhyut Company Ltd | 5805.00 | 75.00 | 70.00 | 75.00 | 6.00 |
| 9 | Api Power Company Ltd. | 84924.00 | 149.00 | 139.00 | 144.00 | 1.00 |
| 10 | Arun Kabeli Power Ltd. | 142940.00 | 190.00 | 181.00 | 183.00 | -4.00 |
| 11 | Arun Valley Hydropower Dev. Co. Ltd. | 182023.00 | 157.00 | 143.00 | 148.00 | 5.00 |
| 12 | Asha Laghubitta Bittiya Sanstha Ltd | 9963.00 | 885.00 | 838.00 | 840.00 | -29.00 |
| 13 | Asian Life Insurance Co. Limited | 42580.00 | 760.00 | 748.00 | 757.00 | 0.00 |
| 14 | Bank of Kathmandu Ltd. | 158056.00 | 257.00 | 248.00 | 250.00 | 1.00 |
| 15 | Barun Hydropower Co. Ltd. | 42280.00 | 128.00 | 114.00 | 120.00 | 3.00 |
| 16 | Best Finance Company Ltd. | 12791.00 | 111.00 | 103.00 | 108.00 | 3.00 |
| 17 | Bishal Bazar Company Limited | 185.00 | 1621.00 | 1608.00 | 1621.00 | -19.00 |
| 18 | Bottlers Nepal (Terai) Limited | 50.00 | 6700.00 | 6666.00 | 6700.00 | 130.00 |
| 19 | Butwal Power Company Limited | 52950.00 | 405.00 | 396.00 | 397.00 | -3.00 |
| 20 | Central Finance Co. Ltd. | 3611.00 | 130.00 | 125.00 | 127.00 | 3.00 |
| 21 | Century Commercial Bank Ltd. | 38632.00 | 176.00 | 172.00 | 173.00 | 0.00 |
| 22 | Chhimek Laghubitta Bikas Bank Limited | 17010.00 | 1133.00 | 1119.00 | 1127.00 | -6.00 |
| 23 | Chhyangdi Hydropower Ltd. | 21635.00 | 126.00 | 112.00 | 112.00 | -3.00 |
| 24 | Chilime Hydropower Company Limited | 32873.00 | 485.00 | 476.00 | 479.00 | -2.00 |
| 25 | Citizen Bank International Limited | 51999.00 | 200.00 | 194.00 | 195.00 | -1.00 |
| 26 | Citizen Investment Trust | 11940.00 | 3478.00 | 3405.00 | 3417.00 | 4.00 |
| 27 | Citizens Mutual Fund -1 | 362100.00 | 11.20 | 10.78 | 11.14 | 0.57 |
| 28 | Civil Bank Ltd | 33851.00 | 148.00 | 145.00 | 145.00 | -1.00 |
| 29 | Civil Bank Ltd Promoter Share | 4694.00 | 100.00 | 100.00 | 100.00 | 0.00 |
| 30 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 1357.00 | 730.00 | 716.00 | 720.00 | -19.00 |
| 31 | Corporate Development Bank Limited | 310.00 | 132.00 | 130.00 | 130.00 | -2.00 |
| 32 | Deprosc Laghubitta Bittiya Sanstha Limited | 8907.00 | 893.00 | 871.00 | 878.00 | 1.00 |
| 33 | Dibyashwori Hydropower Ltd. | 19026.00 | 66.00 | 63.00 | 66.00 | 6.00 |
| 34 | Everest Bank Limited | 23366.00 | 742.00 | 725.00 | 731.00 | -5.00 |
| 35 | Everest Insurance Co. Ltd. | 54717.00 | 579.00 | 552.00 | 564.00 | -1.00 |
| 36 | Excel Development Bank Ltd. | 5510.00 | 301.00 | 297.00 | 297.00 | -4.00 |
| 37 | First Micro Finance Dev. Bank Ltd. | 51344.00 | 597.00 | 580.00 | 590.00 | 1.00 |
| 38 | Forward Community Mic.Bittiya San.Ltd. | 1670.00 | 1621.00 | 1571.00 | 1577.00 | -26.00 |
| 39 | Ganapati Microfinance Bittiya Sanstha Ltd | 2720.00 | 840.00 | 803.00 | 838.00 | 8.00 |
| 40 | Garima Bikas Bank Limited | 27793.00 | 245.00 | 236.00 | 237.00 | -2.00 |
| 41 | Ghalemdi Hydro Limited | 7257.00 | 80.00 | 74.00 | 80.00 | 7.00 |
| 42 | Ghodighoda Laghubitta Bittiya Sanstha Ltd. | 340.00 | 830.00 | 817.00 | 817.00 | -15.00 |
| 43 | Global IME Bank Limited | 94706.00 | 269.00 | 263.00 | 265.00 | 1.00 |
| 44 | Global IME Bank Ltd. Promoter Share | 12530.00 | 150.00 | 150.00 | 150.00 | 0.00 |
| 45 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 5709.00 | 1235.00 | 1210.00 | 1224.00 | -4.00 |
| 46 | Global IME Samunnat Scheme-1 | 27747.00 | 8.92 | 8.75 | 9.00 | 0.15 |
| 47 | Goodwill Finance Co. Ltd. | 3320.00 | 160.00 | 157.00 | 158.00 | 0.00 |
| 48 | Grameen Bikas Lag. Bittiya San. Ltd. | 22950.00 | 563.00 | 545.00 | 555.00 | 0.00 |
| 49 | Green Development Bank Ltd. | 2884.00 | 116.00 | 113.00 | 116.00 | 1.00 |
| 50 | Guheshowori Merchant Bank & Fin. Co. Ltd. | 1975.00 | 135.00 | 125.00 | 130.00 | 1.00 |
| 51 | Gurans Laghubitta Bittiya Sanstha Limited | 477.00 | 788.00 | 773.00 | 787.00 | -1.00 |
| 52 | Gurans Life Insurance Company Ltd. | 29833.00 | 654.00 | 632.00 | 645.00 | -9.00 |
| 53 | Gurkhas Finance Ltd. | 572.00 | 127.00 | 121.00 | 124.00 | -5.00 |
| 54 | Himal Dolakha Hydropower Company Ltd | 40080.00 | 99.00 | 90.00 | 96.00 | 0.00 |
| 55 | Himalaya Urja Bikas Company Limited | 11350.00 | 126.00 | 116.00 | 119.00 | 4.00 |
| 56 | Himalayan Bank Limited | 11213.00 | 569.00 | 561.00 | 566.00 | 1.00 |
| 57 | Himalayan Distillery Limited | 25603.00 | 1830.00 | 1790.00 | 1799.00 | -11.00 |
| 58 | Himalayan General Insurance Co. Ltd | 70856.00 | 540.00 | 509.00 | 536.00 | 18.00 |
| 59 | Himalayan Power Partner Ltd. | 16963.00 | 182.00 | 167.00 | 182.00 | 9.00 |
| 60 | Hydorelectricity Inv. and Dev. Co. Ltd | 51913.00 | 160.00 | 151.00 | 151.00 | -6.00 |
| 61 | ICFC Finance Limited | 1810.00 | 177.00 | 173.00 | 174.00 | -2.00 |
| 62 | IME General Insurance Ltd. | 17486.00 | 575.00 | 553.00 | 564.00 | 3.00 |
| 63 | Infinity Laghubitta Bittiya Sanstha Limited | 8204.00 | 868.00 | 815.00 | 845.00 | 10.00 |
| 64 | Janaki Finance Ltd. | 2549.00 | 174.00 | 171.00 | 173.00 | 0.00 |
| 65 | Janautthan Samudayic Lag. Bikas Bank Ltd. | 835.00 | 1380.00 | 1366.00 | 1376.00 | -14.00 |
| 66 | Joshi Hydropower Dev. Company Ltd | 7348.00 | 97.00 | 88.00 | 94.00 | 0.00 |
| 67 | Jyoti Bikas Bank Limited | 35674.00 | 174.00 | 167.00 | 169.00 | -2.00 |
| 68 | Kalika Microcredit Development Bank Ltd. | 4989.00 | 767.00 | 751.00 | 752.00 | -15.00 |
| 69 | Kalika power Company Ltd | 17690.00 | 134.00 | 125.00 | 129.00 | -1.00 |
| 70 | Kamana Sewa Bikas Bank Limited | 16909.00 | 145.00 | 141.00 | 142.00 | -2.00 |
| 71 | Karnali Development Bank Limited | 1527.00 | 107.00 | 104.00 | 105.00 | -1.00 |
| 72 | Khanikhola Hydropower Co. Ltd. | 4975.00 | 67.00 | 61.00 | 67.00 | 6.00 |
| 73 | Kumari Bank Limited | 367027.00 | 198.00 | 190.00 | 195.00 | 6.00 |
| 74 | Laxmi Bank Limited | 29577.00 | 240.00 | 236.00 | 236.00 | -3.00 |
| 75 | Laxmi Capital Market Limited | 35700.00 | 9.44 | 9.15 | 9.44 | 0.16 |
| 76 | Laxmi Equity Fund | 52000.00 | 8.90 | 8.89 | 8.89 | -0.04 |
| 77 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 1108.00 | 1120.00 | 1107.00 | 1120.00 | -5.00 |
| 78 | Life Insurance Co. Nepal | 12649.00 | 1540.00 | 1506.00 | 1538.00 | 2.00 |
| 79 | Lumbini Bikas Bank Ltd. | 12420.00 | 188.00 | 183.00 | 184.00 | -1.00 |
| 80 | Lumbini General Insurance Co. Ltd. | 30531.00 | 562.00 | 540.00 | 552.00 | 1.00 |
| 81 | Machhapuchhre Bank Limited | 78580.00 | 234.00 | 228.00 | 228.00 | -2.00 |
| 82 | Mahalaxmi Bikas Bank Ltd. | 34357.00 | 199.00 | 195.00 | 195.00 | -3.00 |
| 83 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 1676.00 | 714.00 | 703.00 | 703.00 | -16.00 |
| 84 | Manjushree Finance Ltd. | 15880.00 | 316.00 | 297.00 | 298.00 | -3.00 |
| 85 | Mega Bank Nepal Ltd. | 50705.00 | 228.00 | 220.00 | 222.00 | -1.00 |
| 86 | Mero Microfinance Bittiya Sanstha Ltd. | 12179.00 | 732.00 | 715.00 | 722.00 | -10.00 |
| 87 | Mirmire Microfinance Dev. Bank Ltd. | 682.00 | 970.00 | 949.00 | 949.00 | -16.00 |
| 88 | Miteri Development Bank Limited | 6469.00 | 378.00 | 362.00 | 368.00 | 3.00 |
| 89 | Mithila LaghuBitta Bittiya Sanstha Limited | 372.00 | 787.00 | 780.00 | 781.00 | -6.00 |
| 90 | Mountain Hydro Nepal Limited | 8245.00 | 102.00 | 97.00 | 98.00 | -5.00 |
| 91 | Muktinath Bikas Bank Ltd. | 17457.00 | 335.00 | 328.00 | 328.00 | -2.00 |
| 92 | Multipurpose Finance Company Limited | 1640.00 | 112.00 | 108.00 | 108.00 | -2.00 |
| 93 | NABIL BALANCED FUND-2 | 277810.00 | 9.20 | 9.00 | 9.20 | 0.00 |
| 94 | Nabil Bank Limited | 31304.00 | 864.00 | 853.00 | 856.00 | 0.00 |
| 95 | Nabil Equity Fund | 34224.00 | 8.89 | 8.65 | 8.79 | 0.08 |
| 96 | Nadep Laghubittiya bittya Sanstha Ltd. | 8839.00 | 743.00 | 716.00 | 734.00 | -8.00 |
| 97 | National Hydro Power Company Limited | 222368.00 | 70.00 | 65.00 | 66.00 | 2.00 |
| 98 | National Life Insurance Co. Ltd. | 46367.00 | 795.00 | 770.00 | 780.00 | -3.00 |
| 99 | National Microfinance Bittiya Sanstha Ltd. | 1681.00 | 1580.00 | 1556.00 | 1580.00 | -6.00 |
| 100 | Neco Insurance Co. Ltd. | 87841.00 | 838.00 | 818.00 | 826.00 | 2.00 |
| 101 | Nepal Bangladesh Bank Limited | 61373.00 | 207.00 | 202.00 | 204.00 | 2.00 |
| 102 | Nepal Bank Limited | 223449.00 | 315.00 | 300.00 | 309.00 | 1.00 |
| 103 | Nepal Credit And Com. Bank Limited | 178694.00 | 209.00 | 203.00 | 206.00 | 2.00 |
| 104 | Nepal Doorsanchar Comapany Limited | 22555.00 | 718.00 | 706.00 | 707.00 | -8.00 |
| 105 | Nepal Finance Ltd. | 12210.00 | 206.00 | 190.00 | 195.00 | 7.00 |
| 106 | Nepal Hydro Developers Ltd. | 4215.00 | 183.00 | 162.00 | 183.00 | 13.00 |
| 107 | Nepal Insurance Co. Ltd. | 65895.00 | 577.00 | 557.00 | 570.00 | 2.00 |
| 108 | Nepal Investment Bank Limited | 36634.00 | 430.00 | 418.00 | 421.00 | -1.00 |
| 109 | Nepal Investment Bank Ltd. Pro. Share | 8838.00 | 367.00 | 363.00 | 364.00 | -3.00 |
| 110 | Nepal Life Insurance Co. Ltd. | 50792.00 | 1424.00 | 1403.00 | 1410.00 | -7.00 |
| 111 | Nepal Reinsurance Company Limited | 148938.00 | 908.00 | 874.00 | 881.00 | -1.00 |
| 112 | Nepal SBI Bank Limited | 9369.00 | 430.00 | 425.00 | 425.00 | 0.00 |
| 113 | Nepal Seva Laghubitta Bittiya Sanstha Ltd. | 250.00 | 742.00 | 721.00 | 721.00 | -19.00 |
| 114 | Nerude Laghubita Bikas Bank Limited | 5274.00 | 790.00 | 767.00 | 780.00 | -7.00 |
| 115 | Ngadi Group Power Ltd. | 39947.00 | 151.00 | 137.00 | 144.00 | -1.00 |
| 116 | NIBL Pragati Fund | 23412.00 | 8.76 | 8.50 | 8.76 | 0.17 |
| 117 | NIBL Samriddhi Fund 1 | 32078.00 | 9.25 | 9.19 | 9.19 | -0.11 |
| 118 | NIC Asia Bank Ltd. | 46177.00 | 590.00 | 580.00 | 581.00 | -8.00 |
| 119 | NIC Asia Growth Fund | 61400.00 | 9.60 | 9.38 | 9.50 | -0.25 |
| 120 | Nirdhan Utthan Laghubitta Bittiya San. Ltd | 2066.00 | 984.00 | 975.00 | 984.00 | 5.00 |
| 121 | NLG Insurance Company Ltd. | 6553.00 | 783.00 | 757.00 | 759.00 | -10.00 |
| 122 | NMB Microfinance Bittiya Sanstha Ltd. | 15937.00 | 849.00 | 807.00 | 828.00 | 6.00 |
| 123 | NMB 50 | 1950.00 | 9.59 | 9.41 | 9.44 | 0.03 |
| 124 | NMB Bank Limited | 89839.00 | 429.00 | 419.00 | 421.00 | -3.00 |
| 125 | NMB Hybrid Fund L-1 | 69783.00 | 10.15 | 10.03 | 10.07 | 0.04 |
| 126 | NRN Infrastructure and Dev. Limited | 40769.00 | 436.00 | 400.00 | 408.00 | -8.00 |
| 127 | NRN Lagubitta Bittiya Sanstha Limited | 3175.00 | 1175.00 | 1122.00 | 1175.00 | 106.00 |
| 128 | Oriental Hotels Limited | 6381.00 | 365.00 | 355.00 | 365.00 | 6.00 |
| 129 | Panchakanya Mai Hydropower Ltd | 4650.00 | 103.00 | 94.00 | 96.00 | -3.00 |
| 130 | Panchthar Power Compant Limited | 6318.00 | 141.00 | 135.00 | 137.00 | -4.00 |
| 131 | Pokhara Finance Ltd. | 3248.00 | 151.00 | 147.00 | 148.00 | -2.00 |
| 132 | Prabhu Bank Limited | 70574.00 | 235.00 | 229.00 | 230.00 | -3.00 |
| 133 | Prabhu Insurance Ltd. | 52847.00 | 624.00 | 603.00 | 614.00 | -1.00 |
| 134 | Premier Insurance Co. Ltd. | 37533.00 | 820.00 | 803.00 | 805.00 | -6.00 |

Total Amount Rs. 2,119,939,558 Total Quantity 6,697,496 Total No of Transactions 32,328

# मेसी वर्षको सर्वाधिक कमाइ गर्ने फुटबलर

**वासिङ्टन, (एजेन्सी)**

स्पेनिस ला लिगा क्लब बार्सिलोना तथा अर्जेन्टिनी राष्ट्रिय फुटबल टिमका कप्तान लिओनल मेसी वर्ष २०२० को सर्वाधिक कमाइ गर्ने फुटबल खेलाडी बनेका छन्।

विश्व चर्चित अमेरिकी पत्रिका 'फोब्स'ले सोमबार सार्वजनिक गरेको नयाँ रिपोर्टअनुसार ३३ वर्षीय मेसी वर्ष २०२० को सबैभन्दा बढी कमाइ गर्ने फुटबलर भएको सूची सार्वजनिक गरेको छ। यस वर्ष सर्वाधिक कमाइ गर्ने फुटबलर बन्ने क्रममा उनले इटालियन सिरी ए क्लब युभेन्टस तथा पोर्चुगलका क्रिस्टियानो रोनाल्डोलाई पछि पारेका छन्। गत वर्ष रोनाल्डो सबैभन्दा बढी कमाइ गर्ने फुटबल खेलाडी बनेका थिए। सोही वर्ष उनी अर्बपति फुटबलरको लिस्टमा समेत सूचीकृत भएका थिए। तर, यस वर्ष भने सर्वाधिक कमाइ गर्नेमा मेसीले रोनाल्डोलाई उछिनेका छन्।




रिपोर्टअनुसार यस वर्ष मेसीको कुल कमाइ १ सय २६ मिलियन अमेरिकी डलर रहेको छ। जसमा उनले पारिश्रमिकबाट ९२ मिलियन अमेरिकी डलर कमाए भने ३४ मिलियन विभिन्न व्यापारिक प्रायोजनबाट कमाएका छन्। यता, रोनाल्डोको यस वर्षको कमाइ कुल १ सय १७ मिलियन अमेरिकी डलर रहेको छ। रोनाल्डोको कमाइ मेसीको भन्दा ९ मिलियन कम हो। उनीपछि फ्रेन्च क्लब पीएसजीका ब्राजिलियन नेयेमार रहेका छन्। उनको कुल कमाइ ९६ मिलियन अमेरिकी डलर रहेको छ। उनीपछि पीएसजी तथा फ्रान्सका क्लियन एमबाप्पे छन्। उनको कमाइ ४२ मिलियन अमेरिकी डलर छ। यस सूचीको चौथो स्थानमा इंलिग्स क्लब लिभरपुल तथा इजिप्टका मोहमद सालाह रहेका छन्।

उनको कमाइ ३७ मिलियन अमेरिकन डलर रहेको छ। त्यस्तै, म्यानचेस्टर युनाइटेडका फ्रेन्च खेलाडी पाउल पोग्बा ३४ मिलियनसहित छैठौंमा, बार्सिलोनाका एन्टोनी ग्रीजम्यान ३३ मिलियनसहित सातौंमा र २९ मिलियनसहित रियल मेड्रिडका वेल्स फरवार्ड ग्यारेथ बेल आठौं स्थानमा छन्।

त्यसैगरी, बायर्न म्युनिखका पोलिस फरवार्ड रोवर्ट लेवान्डोस्की २८ मिलियनसहित नवौंमा रहँदा २७ मिलियनसहित दसौं स्थानमा म्यानचेस्टर युनाइटेडका स्पेनिस गोलकिपर डेभिड डि जिया रहेका छन्।

# सिप्यानद्वारा ललितको उपचारका लागि अपिल

**काठमाडौं, (नेस)**

कञ्चनपुरमा सडक दुर्घटनामा परी घाइते भएका नेपाली राष्ट्रिय क्रिकेट टोलीका सदस्य ललितसिंह भण्डारीको उपचारका लागि क्रिकेट खेलाडी संघ नेपाल (सिप्यान) ले सहयोगका अपिल गरेको छ।

मंगलबार सिप्यानले विज्ञप्ति प्रकाशित गर्दै तीव्र गतिका बलर ललितको उपचारको सहयोग माग गरेको हो। सिप्यानले घटनास्थलदेखि काठमाडौंको ग्रान्डी अस्पतालसम्म ल्याउन तथा उपचारमा सहयोग गर्ने अस्पताल, क्रिकेटर, शुभचिन्तकलगायत सबैमा कृतज्ञता व्यक्त गरेको छ।

खेलाडीको हकहितका लागि विगतदेखि कार्य गर्दै आएको सिप्यानले बैंक खातामार्फत सहयोग रकम जम्मा गर्न पनि अपिल गरेको छ। यसका लागि सेन्चुरी कमर्सियल बैंक लिमिटेड, पुतलीसडक शाखामा रहेको ००१०००२५२९ खाता नम्बरमा रकम जम्मा गर्न अपिल गरेको छ। सो खातामा जम्मा भएका रकम ललितको उपचारमा खर्च हुने पनि जनाएको छ।

# चेल्सीको विजयी शुरुआत



**लन्डन, (एजेन्सी)**

इंग्लिस प्रिमियर लिग फुटबलमा चेल्सीले विजयी शुरुआत गरेको छ। इंग्लिस प्रिमियर लिगको नयाँ सिजनअन्तर्गत सोमबार राति चेल्सीले खेलेको पहिलो म्याचमा ब्राइटनलाई उसैको घरेलु मैदानमा ३-१ गेलअन्तरले सहजै पराजित गरको हो।

अवे मैदानमा चेल्सीलाई जिताउन कप्तान जर्जिन्हो, रिस जेम्स र कर्ट जोउमाले गोल गरेका थिए। चेल्सीले खेलको २३औं मिनेटमा पेनाल्टी गोलमार्फत अग्रता लिएका थियो। नयाँ खेलाडी टिमो वार्नरलाई डिबक्समा लडाएपछि पाएको पेनाल्टीमा जर्जिन्होले गोल गर्दै खेल १-० ले अग्रता लिएका थिए। ब्राइटनका गोलकिपरले वान भर्सेस वानमा वार्नरलाई लडाएपछि रेफ्रीले उक्त पेनाल्टी दिएका थिए।

खेलको ५४औं मिनेटमा घरेलु टोली ब्राइटन खेलमा फर्कियो। लियान्ड्रो ट्रोसार्डले टारिक लाम्पाटको पासमा गोल गर्दै खेल १-१ का बराबरीमा ल्याएका थिए। तर, त्यसको दुई मिनेटमै चेल्सीले पुनः अग्रता लियो। खेलको ५६औं मिनेटमा रिस जेम्सले गोल गर्दै खेल २-१ बनाए। जर्जिन्होको पासमा जेम्सले लामो दूरीबाट हानेको कडा प्रहारमा बलले सोझै जाली चुमेको थियो।

त्यस्तै, खेलको ६६औं मिनेटमा चेल्सीका लागि कर्ट जोउमाले गोल गर्दै टोलीको अग्रता तेब्बर पारे। जेम्सको कर्नर प्रहारमा जोउमाले बललाई जाली चुमाएका थिए। बाँकी समयमा दुवै पक्षबाट थप गोल नभएपछि खेल चेल्सीले ३-१ ले जितेको हो। जितसँगै चेल्सीले सिजनको पहिलो खेलबाट ३ अंक जोडेको छ। चेल्सी अंक तालिकाको तेस्रो स्थानमा रहेको छ। पहिलो स्थानमा आर्सेनल र दोस्रो स्थानमा लेस्टर सिटी रहेका छन्। पराजित ब्राइटन १६औं स्थानमा छ।

# लिम्बूलाई मनास्लु वर्ल्ड कलेजको छात्रवृत्ति



**काठमाडौं, (नेस)**

नेपाली यू-१६ राष्ट्रिय पुरुष फुटबल टोलीका कप्तान जान लिम्बूलाई मनास्लु वर्ल्ड कलेजले प्लस टू अध्ययनका लागि छात्रवृत्ति प्रदान गरेको छ। चुच्चेपाटीस्थित मनास्लुले व्यवस्थापन अध्ययनका लागि लिम्बूलाई पूर्ण छात्रवृत्ति प्रदान गरेको हो।

मनास्लुका चेयरमेन गेन्द्र लामा, व्यवस्थापक कुमार मोक्तान र प्रिन्सिपल राजन श्रेष्ठ तथा लिम्बूबीच सोसम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको हो। यसै शैक्षिक सत्रदेखि शुरू भएको मनास्लुमा हाल व्यवस्थापनसहित विज्ञान, मानविकी र कानुन संकायमा पढाइ हुने चेयरमेन लामाले जनाएका छन्।

चेयरमेन लामाले सामाजिक उत्तरदायित्व वहन गर्नुका साथै अभिभावकलाई खेलमा लागेर पनि आफ्ना सन्तानले हरेक क्षेत्रमा अवसर पाउन सक्छन् भन्ने सन्देश दिन हाल लिम्बूबाट यो कदमको शुरुआत गरिएको बताए। उनले इच्छुक भएको खण्डमा यू-१६ का सम्पूर्ण सदस्यलाई पनि पूर्ण छात्रवृत्तिको अवसर दिन मनास्लु तयार रहेको प्रतिबद्धता जनाएका छन्।

लिम्बूले २०७६ को एसइई सातदोबाटोस्थित लोक स्मृति विद्यालयबाट उत्तीर्ण गरेका थिए। कक्षा ३-४ देखि नै फुटबल खेल्न शुरू गरेका लिम्बू झापाको सरामतीका स्थायी बासिन्दा हुन्। उनले विभिन्न उमेर समूहको अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको प्रतिनिधित्व गरिसकेका छन्। लिम्बूका पिता पनि भलिबलका पूर्वराष्ट्रिय खेलाडी हुन्।

# पीएसजीको समर्थन नेयमारलाई

**पेरिस, (एजेन्सी)**

पेरिस सेन्ट जर्मेन (पीएसजी) ले उनीहरूका ब्राजिली प्लेमेकर नेयमारलाई ठूलो समर्थन दिने भएको छ। अघिल्लो दिनको फ्रान्सेली लिगको खेलमा मार्सेली डिफेन्डर अल्भारो गोन्जालेजले रंगभेदको गाली गरेको भनेपछि पीएसजीले नेयमारको समर्थन गर्ने भएको हो। सो खेलमा नेयमारसहित ५ खेलाडीलाई रातो कार्ड देखाइएको थियो। सो झगडाका दौरान नेयमारले गोन्जालेजको टाउको पछाडि हिर्काएका थिए।

नेयमारले खेलपछि ट्वीट गर्दै भनेका थिए- 'अल्भारोले रंगभेदको गाली गरे। उनले भिएआर (भार) द्वारा स्पष्ट गर्न आग्रहसमेत गरेका थिए। तर, मार्सेलीले भने उनी गोन्जालेज रंगभेद होइनन्।'



पीएसजीले भन्यो- 'समाज, फुटबल र हाम्रो जीवनमा रंगभेदका लागि कुनै स्थान छैन।' फ्रान्सेली लिग विजेता पीएसजीले वक्तव्य सार्वजनिक गरेको थियो। जसमा उल्लेख गरिएको थियो कि घटना के हो यसको स्पष्टसँग जाँच हुनुपर्छ।'

नेयमारले रातो कार्डमार्फत मैदान बाहिर आएपछि चौथो अम्पायरलाई गोन्जालेजद्वारा रंगभेद गाली दिएको बताएका थिए। उनले पछि गोन्जालेजलाई लक्षित गर्दै लेखेका थिए- 'अपमान र रंगभेद हाम्रो जीवनमा छैन, म यसलाई स्वीकार र सम्मान पनि गर्दिनँ र तिमीसँग त्यस्तो चरित्र पनि छैन।' नेयमारको आरोपको खण्डन गर्दै गोन्जालेजले भने- 'उनले कुनै रंगभेदको गाली दिएका थिएनन्। एलएफपी अनुशासन समितिले उक्त खेलमा रातो कार्ड पाएका पाँचै खेलाडीसँग भेट्नेछ।

# फुटबलरले दिएको खुसीको आँसु

**हेटौंडा, (नेस)**

हेटौंडा-१० मा कोठा भाडामा लिएर बस्दै आएका मजदुर कृष्णबहादुर कार्की निःशुल्क खान पाइन्छ भनेर दिनहुँ बिहान हेटौंडा-४, हुप्रचौरमा पुग्छन्। ६० वर्षका उनको एउटा खुट्टा छैन। उनी मागेर जेनतेन आफ्नो परिवार पाल्दै आएका छन्। ६ सदस्य भएको उनको परिवारमा सबै शारीरिकरूपमा अशक्त छन्। उनी आफूले खाएपछि आफ्नो परिवारलाई झोलामा भात र तरकारी पोको पारेर लैजाने गरेका छन्।

'घरकाले खाना ल्याउँछ भनेर मेरो बाटो कुरिरहेका हुन्छन्' खानापछि खुसीको आँसु झार्दै उनले भने। 'हुप्रचौरमा खाना दिनुअघि उनले मागेर आफ्नो परिवारलाई जसोतसो पालिरहेका थिए। कहिले एक छाक खाएर त कहिले खोले खाएर पेट भर्दै आएको छ उनको परिवार।'

हेटौंडा-५, पिप्लेमा भाडाको कोठामा बस्दै आएका शम्भु राई पनि लकडाउनअघि मजदुरी गर्थे। लकडाउनले काम पाउन मुस्किल भएपछि मागेर खाँदै आएको उनले बताए। उनले आफ्नी पत्नीसहित नातिलाई पनि खाना खुवाउन लिएर आएका थिए। पेटभरि खान पाउँदा निकै खुसी लागेको शम्भुकी पत्नी पवित्राले बताइन्।

हेटौंडा-११, थाना भञ्ज्याङमा डेरा गरी बस्ने मजदुरी सानुकान्छा राईले पनि आफूलाई धेरै राहत मिलेको बताएका छन्। उनले भने- 'निषेधाज्ञाले परिवार पाल्नै समस्या हुने गरेको छ। यस्तो महामारीका बेला निःशुल्क खाना खान पाउनु भनेको हाम्रा लागि ठूलो कुरा हो। भोकै बस्नुपरेन। किनेर खान सक्ने अवस्था नभएकाले पेटभर खाना खान पाएकोमा औधी खुसी लागेको उनले बताए।'

कोरोना महामारीका कारण कामविहीन भएका विपन्न तथा श्रमिकलाई हेटौंडाको हुप्रचौरमा फुटबलर संघले सामूहिक भोजन गराउँदै आएको छ।

मकवानपुर जिल्ला फुटबल संघले भोकाहरूलाई हुप्रचौरमा बुधबारदेखि खाना पकाएर खुवाउने क्रम शुरू गरेको हो। हेटौंडा उपमहानगरका हातमुख जोर्न समस्या हुनेहरू यहाँ खाना खान आउने गरेको जिल्ला फुटबल संघका अध्यक्ष टीका लामाले बताए। दैनिक मजदुरी गरेर जीविकोपार्जन गर्दै आएका श्रमजीवी र विपन्न भोकभोकै सडकमा भौंतारिन थालेपछि हुप्रचौरमा सामूहिक खाना खुवाउन थालिएको हो।

जिल्ला फुटबल संघले सात दिनसम्म निःशुल्क खाना खुवाउने जनाएको छ। 'हामी सात दिनसम्म विपन्न समुदायलाई निःशुल्क खाना खुवाउन तयार छौं', संघ अध्यक्ष लामाले भने- 'अन्य सामाजिक संस्थालाई पनि सहयोग गर्न अपिल गरेका छौं।'

# जर्मन कपमा बोरुसियाको फराकिलो जित

**म्युनिख, (एजेन्सी)**

जर्मन कपको पहिलो चरणको खेलमा बोरुसिया डर्टमुन्डले १० खेलाडीमा सीमित डुइसबर्गलाई ५-० को गोलअन्तरले हराएको छ। सोमबार राति भएको खेलमा जाडोन सान्चो, जुडे बेलिन्गाम, थोर्गान हजार्ड, जियो रेयना र मार्को रिउसले गोल गरेका थिए।

सान्चोले १४औं मिनेटमा पेनाल्टी किकमार्फत गोल गर्दै टोलीलाई १-० ले अग्रता दिलाएका थिए। १७ वर्षीय बेलिन्गामले ३०औं मिनेटमा गोल गरेर डर्टमुन्डको अग्रता दोब्बर पारेका थिए। डेब्यू खेलमै गोल गरेसँगै उनी जर्मन क्लबको १ सय १० वर्षको इतिहासमा गोल गर्ने सबैभन्दा कान्छो खेलाडी बनेका छन्। उनी बर्मिंगमबाट डर्टमुन्डमा हालै अनुबन्ध भएका खेलाडी हुन्। ३८औं मिनेटमा डोमिनिक भोल्कमरले रातो कार्ड पाएपछि डुइसबर्गको दुर्गति शुरू भएको थियो। यसको एक मिनेटमा हजार्डले गोल थप्दा डर्टमुन्ड पहिलो हाफमा ३-० को अग्रतामा थियो।

दोस्रो हाफमा दुई गोल थपिएको थियो, जसमा रेयनाले ५० औं मिनेटमा टोलीका लागि चौथो गोल गरेका थिए। त्यस्तै, रिउसले ५८औं मिनेटमा सान्चोको सहयोगमार्फत अर्को गोल थपेका थिए। सान्चो म्यानचेस्टर युनाइटेडको लक्ष्यमा रहेका छन्। तर, डर्टमुन्डले सान्चोको रकम महँगो बनाएपछि म्यानचेस्टर युनाइटेड अझै पनि सान्चोलाई अनुबन्ध गर्न सकिरहेको छैन।

**कटारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, कटारी, उदयपुर**
**आशयपत्र सम्बन्धी सूचना**
प्रकाशित मिति २०७७/०५/३१

यस कटारी नगरपालिकाको मिति २०७७/०२/२० को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा पुनःप्रकाशित सूचना अनुसार रितपूर्वक पर्न आएको वोलपत्रहरु मध्ये तपशिलको प्रस्तावदाताले पेश गरेको न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन (पहिलो संशोधन) २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो आशयपत्रको सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | योजनाको नाम | फर्मको नाम | कबोल मूल्य | कैफियत |
|---|---|---|---|---|
| 15/Uda/Katarimun/076-77 | Construction of Katari Bazar Bhitrisadak Katari Municipality WADA NO. 4 | R.D./Aattreya JV Kamalami, Sindhuli | रु. ४०४५८६६६।५५ | मु.अ. कर वाहेक |

**प्रमुख प्रशासकीय अधिकृत**

**'सुरक्षित भविष्यको लागि निवृत्तभरण तथा सञ्चय कोष'**

कर्मचारी सञ्चय कोष स्थापनाको ५९ औं वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योजनाका योगदानकर्ताको सन्तुष्टि प्रति सदैव प्रतिवद्ध रहने संकल्प सहित कोषका सेवा र सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता सहित सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक शुभकामना व्यक्त गर्दछौ ।

**उपलब्ध सेवा तथा सुविधाहरु :**

- सञ्चय कोष र निवृत्तभरण कोषमा वार्षिक ब्याजदर ७ प्रतिशत प्रदान हुने ।
- **सापटी सुविधाहरु :** विशेष सापटी, घर सापटी, शैक्षिक सापटी, सरलचक्र कर्जा र घर मर्मत सापटी
- **सञ्चयकर्ता स्वास्थ्योपचार योजनाः** सञ्चयकर्तालाई साधारण रोग लागि उपचार गराएको हकमा प्रत्येक आर्थिक वर्षमा रू. १ लाखसम्म र घातक रोगको उपचारको हकमा सेवा अवधिमा अधिकतम रु. १० लाखसम्म रकम सोधभर्ना प्रदान गरिने ।
- **अन्य सामाजिक सुरक्षा कार्यक्रमहरुः** सुत्केरी तथा शिशु हेरचाह कार्यक्रमः प्रति प्रसुति रु ७,५००, दूर्घटना क्षतिपूर्ति योजनाः निज वा निजको हकवालालाई रु. २ लाख, काजक्रिया अनुदानः हकवालालाई आर्थिक अनुदान स्वरुप रु ४० हजार प्रदान गरिने ।
- **योगदानमूलक निवृत्तभरण योजना** : २०७६ श्रावण १ गते पछि स्थाई नियुक्ति हुने नेपाल सरकारका कर्मचारी, प्रदेश तथा स्थानीय तहका कर्मचारी, सार्वजनिक निकायका कर्मचारीको लागि ।

**संक्षेपमा कोष :**

- सञ्चय कोष मौज्दात : रु. ३ खर्व ५० अर्व ६० करोड
- निवृत्तभरण कोष : रु ४७ करोड
- जगेडा कोष तथा बचत : रु. ३० अर्व ७५ करोड
- दायित्वहरु : रु. ५ अर्व ३३ करोड
- कूल स्रोत : रु. ३ खर्व ८७ अर्व १५ करोड
- कूल लगानी : रु. ३ खर्व ८२ अर्व ५४ करोड

**कर्मचारी सञ्चय कोष**
**पुल्चोक, ललितपुर ।**
फोन नं.: ५०१०१६५, ५०१०१६६
website: www.epfnepal.com.np